# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
## Samudayik Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा काभ्रेपलाञ्चोक

फोन नं. - ०११-६६२२५१/६६०४५२, Website : www.slbsl.com.np, Email : gs@slbsl.com.np


# संस्थापक शेयरधनीहरुको शेयर संरचना परिवर्तन गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

**(प्रकाशित मितिः २०८२/०८/०१ गते सोमवार)**

यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड (साविकको सामुदायिक लघुवित्त वित्तीय सस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई बनेको वित्तीय संस्था) को हालसम्म कायम रहेको संस्थापक सेयरधनी समूहको ६१.११ प्रतिशत र सर्वसाधारण शेयरधनी समूहको ३८.८९ प्रतिशत शेयर स्वामित्व संरचनालाई साविकको सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयरधनीहरुको नाममा कायम रहेको संस्थापक शेयरलाई मात्र एकिकृत संस्थाको कूल चुक्ता पुँजीको ८.६५ प्रतिशत बिन्दुले संरचना परिवर्तन गरी संस्थापक शेयरधनी समूहको ५३.७२ प्रतिशत र सर्वसाधारण शेयरधनी समूहको ४६.२८ प्रतिशत शेयर स्वामित्व हुने गरी शेयरधनीहरूको पुंजीको संरचनालाई परिवर्तन गर्न यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०६/०८ गते बसेको ३४ औं बैठकको निर्णयानुसार नेपाल राष्ट्र बैंकमा स्वीकृति माग गरिएकोमा श्री नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरीएको निर्देशन बमोजिम स्वीकृति प्राप्त भई सकेको हुँदा सो बमोजिम साविक सामुदायिक लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले मात्र आफ्नो शेयर अनुपात परिवर्तन गर्ने वा नगर्ने सम्बन्धमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै साविक सामुदायिक लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयर सर्वसाधारण समुहमा परिवर्तन गर्न नचाहनु हुने संस्थापक शेयरधनीहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय बनेपा-१४, साँगा, काभ्रे पलाञ्चोकमा सम्पर्क राखी लिखित रुपमा निवेदन दिन वा वित्तीय संस्थाको ईमेल info@slbsl.com.np मा निवेदन पठाउनु हुन अनुरोध गर्दछौं । यो सूचनाको म्यादभित्र सर्वसाधारण समूहको शेयरमा परिवर्तन नगर्ने भनी निवेदन नदिनु हुने संस्थापक शेयरधनीहरूको हकमा संस्थापक शेयर अनुपात सर्वसाधारण समुहमा परिवर्तन गर्न मञ्जुर रहेको ठानी सोही बमोजिम सर्वसाधारण समुहमा परिवर्तन गर्नेतर्फ प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित संस्थापक शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।